# मरिण राजपत्र

**मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड ५ मरिण, पुस १५ गते, २०७९ साल संख्या १९**

## भाग २

## मरिण गाउँपालिकाको भैंसीको गोठ सुधार सम्बन्धी मापदण्ड, २०७९

प्रस्तावनाः- गाई भैंसी पालन व्यवस्थापनलाई व्यवस्थित र उपयुक्त वनाइ उत्पादनमा वृद्धि गरेर कृषकको जीवनस्तर सुधार गर्न गोठको उचित व्यवस्थापन गर्नु पर्ने हुन्छ। तसर्थ गाउँपालिकाबाट कार्यान्यनमा ल्याएका उन्नत जातको भैंसी तथा वंगुरपालन सम्बन्धी कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक महसुस भएकोले मरिण गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को प्रयोग गरी मरिण गाउँपालिकाले भैंसीको गोठ सुधार सम्बन्धी मापदण्ड, २०७९ जारी गरेको छ।

परिच्छेदः-१

१. **संक्षिप्त नाम र प्रारम्भः**– (क)यस मापदण्डको नाम "मरिण गाउँपालिकाको भैंसीको गोठ सुधार सम्बन्धी मापदण्ड, २०७९ रहेको छ ।

(१) यो मापदण्ड मरिण राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) **"गाउँपालिका"** भन्नाले मरिण गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) **"मापदण्ड"** भन्नाले मरिण गाउँपालिका भित्र बसोबास गर्ने कृषकहरुले दुध र दुग्घजन्य वस्तुहरु उत्पादनको लागि व्यवसायिक रुपमा पालिएका गाईभैंसीको लागि निर्मित सुधारिएको तथा व्यवस्थित गोठलाई सम्झनु पर्दछ।

(ग) **"प्रमुख"** भन्नाले मरिण गाउँपालिकाको प्रमुख सम्झनुपर्दछ ।

(घ) **"कार्यालय"** भन्नाले मरिण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

३. उद्देश्यः-व्यवसायिक रुपमा गाई भैंसी पालन गरी दुध र दुग्धजन्य बस्तु उत्पादन गर्ने कृषकहरुलाई सुधारिएको तथा व्यवस्थित गोठ तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन यस मापदण्डको उद्देश्य रहेको छ।

परिच्छेदः-२

४. गाईभैंसी पालनको लागि सुधारिएको तथा व्यवस्थित गोठ बनाउन ठाउँको छनौट देहाय बमोजिम गर्नुपर्दछ-

क. पानी नजम्ने उच्च भाग र कमसेकम विहानको घाम पर्ने,

ख. चरन तथा घाँस विकास गर्न सकिने,


ग. स्वच्छ पानीको उपलब्धता हुने,

घ. तराई (गर्मी) क्षेत्रमा उत्तर वा पश्चिम र पहाडी क्षेत्रमा पूर्व वा दक्षिण मोहोडा पर्ने गरी खोर निर्माण गर्न सकिने,

परिच्छेदः-३

५. सुधारिएको तथा व्यवस्थित गोठको नमूना देहाय बमोजिम हुनेछ-

गाई भैसी पालन गर्नका लागि कस्तो किसिमको गोठ बनाउनु पर्छ भन्ने कुरा आफूले गर्न चाहेको व्यवसायको किसिम, भौगोलिक अवस्था र साधन श्रोतको उलब्धता आदिमा भर पर्ने भए पनि साधारणतया तल बताईए वमोजिमको ब्यवस्थित गोठ वनाउन उपयुक्त हुन्छ । भने भैसी पालनमा आवद्ध भएका र थप भैसीपालन गर्न इच्छुक कृषकहरुलाई प्राथमिकता दिइने साथै पिछडिएका वर्गहरु आदिवासी, जनजाति ,दलित अल्पसंख्य एवं महिलाहरुलाई समावेश गरिनुपर्छ।



६. सुधारिएको तथा व्यवस्थित गोठको प्राविधिक मापदण्ड देहाय बमोजिम हुनेछ-

क. गोठ बनाउनको लागि पटक्कै पानी नजम्ने तथा विहानको घाम पर्ने ठाँउको छनौट गर्न पर्दछ ।

ख. सकेसम्म स्थानीय श्रोत साधनको प्रयोग गरेर कम खर्चिलो हुने गरी गाई भैसी र स्थानीय वातावरण सहाउँदो गोठ बनाउनु पर्दछ ।

ग. गोवर र पिसाव दिनदिनै सफा गरि गोठ आभानो र सफा राख्नु पर्दछ ।

घ. गोठको छाना नचुहिने हुनु पर्दछ, सकेसम्म जस्ता माथि खरको छाना राख्नु पर्दछ।

ङ. गाई भैसीका संख्याको अनुसार गोठको लम्वाई र चौडाई निर्धारण गर्नु पर्दछ ।

देहाय अनुसार न्यूनतम ण्द्द वटा भैंसी सहजै पालन गर्न सक्ने भैंसीको गोठ भएको वा स्वयम आफैले गोठ निर्माण गर्न सक्ने क्षमता भएका समावेश गर्ने ।

1. सुधारिएको गोठ घाँस खुवाउने मेन्जर र मलमूत्र व्यवस्थापनको लागि गटरको भएको,
2. आहारा व्यवस्थापनको लागि प्रशस्त मात्रामा घाँस खेति गर्ने जमिन भएको,

च. भुँइ ढलान गरेको हुनुपर्ने,

छ. एउटा भैंसी बाराबर ५.५x१० फिट हुनुपर्ने भने २ वटाको लागि ११x१० फिटको हुनुपर्ने,

ज. भुँइ भिरालो बनाउनु पर्ने जसमा ०.५ cm मा भिरालो हुँदै जानु पर्ने,

झ. नालामा पिसाब बग्ने ८ इञ्च चौडाइ ३ इञ्च गहिराई हुनुपर्ने,

ञ. दाना पानीको लागि डुँढ २ फिट चौडा १.५ फिट गहिराई र भुइ बाट १.५ फिट,

ट. एकपट्टि भित्ता राख्ने,

ठ. उक्त कोठा भुँइबाट फेर खावो ८ फिट र पूरा १० फिट हाइट हुनुपर्ने,


ड. गोठको भुइ खस्रो र नाला तर्फ भिरालो भएको हुनु पर्दछ,


ढ. गोठको पूर्व तिर रुखहरु रोप्नु पर्दछ

| क्र.सं. | विवरण | क्षेत्रफल गोठ (वर्ग मीटर) |
|---|---|---|
| क | १ भैंसीको लागि आवश्यक क्षेत्रफल | ५.०२ |
| ख | २ भैंसीको लागि आवश्यक क्षेत्रफल | १०.०४ |
| ग | गटरको लागि | १.०२ |

गाईभैंसीको लागि आवश्यक क्षेत्रफल(धुर र आनामा)

| विवरण | जम्मा क्षेत्रफल(धुरमा) |
|---|---|
| १ गाईभैंसीको लागि | ०.३ धुर |
| २ गाईभैंसीको लागि | ०.६ धुर |



## परिच्छेदः-४

## ७. सुधारिएको गोठ बनाउन लाग्ने अनुमानित लागत-

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
KAPILAKOT,SINDHULI
BAGMATI PROVINCE, NEPAL

### DETAILS ESTIMATE & COSTING

F.Y. :- 2078/079

Name of project :- Buffalo Goth

Estimated Date :2079/08/15

Pig Shade: 2 Nos Buffalo

| S.N. | Description of Works | No | Length | Breath | Height | Quantity | Unit | Rate | Amount | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| A.1 | **E/w in excavation in different type of soil using by manually including 10m haulding, disposing & 1.5m lifting** | | | | | | | | | |
| | Floor Foundation | १.०० | ९.८३ | १०.८३ | ०.३३ | ३५.१५ | | | | जग खन्ने कार्य |
| | Gutter foundation | १.०० | १.०० | १०.८३ | ०.५० | ५.४२ | | | | |
| | | | | | | ४०.५७ | Ft३ | | | |
| | | | | | Sub Total | १.१५ | M३ | ५७६.८० | ६६३.३० | |
| A.2 | **Broken Stone solling and levelling in foundation including providing stone and transportation upto site** | | | | | | | | | |
| | Floor Foundation | १.०० | ९.८३ | १०.८३ | ०.५० | ५३.२६ | | | | ढुङ्गा सोलिङ्ग कार्य |
| | Gutter foundation | १.०० | १.०० | १०.८३ | ०.५० | ५.४२ | | | | |
| | | | | | | ५८.६८ | Ft३ | | | |
| | | | | | Sub Total | १.६६ | M३ | १,०००.०० | १,६६३.२८ | |
| A.3 | **1:2:4 P.C.C. work in foundation, wall and floor including material collection & transportationup upto site** | | | | | | | | | |
| | Floor Foundation | १.०० | ९.८३ | १०.८३ | ०.३८ | ३९.९५ | | | | १:२:४ भुई ढलान कार्य |
| | Gutter foundation | १.०० | १.०० | १०.८३ | ०.३३ | ३.५८ | | | | |
| | Gutter Wall | १.०० | ०.३३ | १०.८३ | ०.२५ | ०.८९ | | | | |
| | | | | | | ४४.४२ | Ft३ | | | |
| | | | | | Sub Total | १.१६ | M३ | ५,२७९.३६ | ६,१२५.६९ | |
| | **भुई ढलान सम्मको निर्माण कार्य** | | | | | | | | ८,४५२.२८ | |
| A.4 | **Random Rubble masonary works in mud mortar including providing providing block stone, transportation upto site** | | | | | | | | | |
| | डुँड | २.०० | २.६७ | ३.०० | १.०० | १६.०० | | | | माटोको जोडाइमा ढुङ्गाको जग निर्माण कार्य |
| | | | | | | १६.०० | Ft३ | | | |
| | | | | | Sub Total | ०.४५ | M३ | ८,३४८.१८ | ३,७८६.०२ | |
| A.3 | **1:2:4 P.C.C. work in foundation, wall and floor including material collection & transportationup upto site** | | | | | | | | | |
| | डुँड | २.०० | २.६७ | ३.०० | ०.२५ | ४.०० | | | | |
| | | | | | | ४.०० | Ft३ | | | |
| | | | | | Sub Total | ०.१० | M३ | ५,२७९.३६ | ५५१.६६ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | Sub Total | ०.१० | M३ | ५,२७९.३६ | ५५१.६६ | |
| A.5 | Cement Block Masonary Works In 1:6 Cement Mortar including providing concrete block transportation form 10m | | | | | | | | | सिमेन्ट बालुवा जोडाइमा सिमेन्ट ब्लकको गाहो लगाउने कार्य |
| | डुँड | | | | | | | | | |
| | | ४.०० | ३.०० | | १.५० | १८.०० | | | | |
| | | ४.०० | २.०० | | १.५० | १२.०० | | | | |
| | | | | | | ३०.०० | Ft२ | | | |
| | | | | | Sub Total | २.७९ | M२ | २०३२.५० | ५,६७२.०९ | |
| | | | | | | | | | | |
| A.6 | Supplyinh and placing of CGI Roof covering with 0.4mm thk C.G. I. Sheet including supplying of material, J or L hooks, nut bolts, washers, fixing of C.G.I sheet over roofing members in proper slope and size | | | | | | | | | ०.४ मि.मि मेटाईको सि.जि.आई जस्ता पाता छाना लगाउने कार्य |
| | | २.०० | १२.८३ | ६.०० | | १५४.०० | | | | |
| | | | | | | १५४.०० | Ft२ | | | |
| | | | | | Sub Total | १४.३३ | M२ | १३६२.५६ | १९,५१९.४४ | |
| | **भुई ढलान भन्दा माथि छत सम्मको निर्माण कार्य** | | | | | | | | २८,९७७.५६ | |
| | **जम्मा रकम** | | | | | | | | ३७,४२९.८३ | |
| | नोटः | | | | | | | | | |
| | १. लागत इस्टिमेटमा स्थानिय निर्माण सामाग्री जस्तै ढुङ्गा, गिट्टी, बालुवा, काठ लगाएत सामाग्री हिस्सा जोडिएको छैन। | | | | | | | | | |

## परिच्छेदः-५

## अनुगमन मूल्याङ्कन

गाईभैंसीको गोठको अवस्थाबारे मरिण गाउँपालिका स्तरीय अनुगमन समितिबाट बेला बेलामा अनुगमन मूल्याङ्कन गरिने छ भने वडा कार्यालय र कृषि तथा पशुपन्छी विकास शाखामा कार्यरत प्राविधिक कर्मचारीबाट विशेष रुपमा अनुगमन मूल्याङ्कन हुनेछ साथै मरिण गाउँपालिका बाहेक अन्य निकायबाट कार्यक्रमको लागि आर्थिक तथा प्रविधिक सहयोग भएको अवस्थामा तत निकायका प्राविधिक कर्मचारीहरुबाट पनि अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

परिच्छेदः-६

विविध

८. बाधा अडकाउ फुकाउन सक्नेः यो मापदण्ड कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

९. मापदण्ड संशोधन तथा खारेज गर्न सक्नेः कार्यपालिकाले आवश्यकता अनुसार यो मापदण्ड संशोधन तथा खारेज गर्न सक्नेछ ।

आज्ञाले
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

मरिण गाउँपालिका